# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी :- ६९८

मिति :-२०७९/०७/०४

विषयः- जानकारी सम्बन्धमा।

श्री सरोकारवालाहरु (सबै)
मरिण गाउँपालिका, सिन्धुली।

प्रस्तुत विषयमा श्री निर्वाचन आयोग, नेपालको च.नं. २२३, मिति २०७९/०६/२८ गतेको प्राप्त पत्रानुसार आगामी २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेको अवस्थामा निजहरुलाई कानून बमोजिम कारबाही गर्नु पर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामाग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, सुरक्षाकर्मी समेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसंहिता लागू हुने सबै निकायका प्रमुखलाई निर्देश दिने व्यहोरा उल्लेख गरिएकाले सोही अनुसार गर्न/गराउनु हुन सम्बन्धित सबैमा निर्देशानुसार अनुरोध छ।

२०७९/०७/०४

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत